नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपालप्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

जि.प्र.का. द.नं. ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

## Copyright Bulletin

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको बार्षिक प्रकाशन

आषाढ २०७७ Volume 11, Issue 30 July 2020

**यस भित्र**


- प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालय एक चिनारी
- आ.व. २०७६।७७ का मुख्य कार्यक्रमहरु
- Beijing Treaty, WIPO Copyright Treaty, Rome Convention, WPPT सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्नः
- विभिन्न जिल्लामा एकदिवसीय गोष्ठीहरु सम्पन्न
- नेपालमा रहेका रोयल्टी संकलन संस्थाहरु सम्बन्धी जानकारी
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयसंगको सहकार्यमा रोयल्टी संकलन समाजद्धारा विभिन्न कार्यक्रमहरु सम्पन्न ।
- गीत, संगीत क्षेत्रको रोयल्टी व्यवस्थापन सम्बन्धी छलफल तथा बृहद अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठकहरु सम्पन्न
- माराकेश सन्धीको पक्ष राष्ट्र बन्ने सम्बन्धी प्रस्ताव संसदबाट अनुमोदन
- प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनोको विधयेक संघीय संसदमा पेश ।
- माननीय मन्त्री श्री योगेश कुमार भट्टराईज्यूबाट प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको निरीक्षण, अनुगमन एवं निर्देशन ।
- आ.व. २०७६।७७ को आषाढ मसान्तसम्म विभिन्न विधामा दर्ता भएका प्रतिलिपि अधिकारजन्य रचनाहरुको विवरण ।


**सम्पादक समूह**
विष्णु कुमारी भट्टराई
उत्तम प्रसाद दवाडी

**डिजाइन तथा कम्प्यूटर**
स्वेतकाली छापाखाना

**इमेल**
www.nepalcopyright.gov.np
audio Notice Board
1618014431155

**यदि तपाईसंग बौद्धिक सम्पति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफुलाई लागेका प्रश्नहरू हामीलाई लेखी पठाउनु होला। यस बुलेटिनका आगामी अंकहरुमा तपाईका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौ।**
**धन्यवाद।**

### प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय एक चिनारीः

साहित्य, संगीत, कला, वास्तुकला, चलचित्र, ज्ञान-विज्ञान र सूचना प्रविधि जस्ता क्षेत्रमा मानव मस्तिष्कले गरेका सिर्जनाहरूको संरक्षण गर्दै सर्जकका आर्थिक र नैतिक अधिकारको प्रत्याभूति गर्न एवं ती सिर्जनालाई विभिन्न माध्यमबाट जनसमक्ष लैजाने ध्वनिअङ्कन उत्पादक, प्रस्तोता र प्रसारण संस्था जस्ता तत्सम्बन्धी अधिकार प्राप्त हुने व्यक्ति तथा निकायहरूको अधिकार संरक्षणको कार्य गर्न प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको हो। प्रतिलिपि अधिकारका विभिन्न विधामा स्थापना हुने रोयल्टी संकलन संस्थाहरूको रेखदेख, नियमन र नियन्त्रण गर्ने यसको अर्को अभिप्राय रहेको छ। स्रष्टा, सर्जक र रचयिताको मौलिक र बौद्धिक हितको प्रबर्द्धन गर्न




नै यो कार्यालय स्थापनाको प्रमुख आधार हो। यस कार्यालयले स्रष्टा-सर्जकका अधिकार संरक्षणार्थ प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली, २०६१ का प्रावधानलाई छिटो, छरितो, प्रभावकारी, पारदर्शी र जवाफदेहीपूर्ण रूपमा कार्यान्वयन गर्ने कार्यमा उल्लेख्य योगदान गर्दै आएको छ।

प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकार (Copyright & Related Rights) को प्रभावकारी संरक्षणको लागि छुट्टै कार्यालय स्थापनाको अपरिहार्यता निकै अघिदेखि महसुस भएको हो तापनि तत्कालिन श्री ५ को सरकार (मं.प.) को मिति २०६०।१२।२६ को निर्णयानुसार मिति २०६१।१।७ मा मात्र नेपाल

प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय स्थापना भई सञ्चालनमा आएको छ ।

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आ.व. ०७६।७७ को वार्षिक कार्यक्रममा समावेश भएका मुख्य मुख्य कार्यक्रमहरू:**

| क्र.सं. | खर्च शिर्षक | कार्यक्रम | कार्यक्रम संख्या |
|---|---|---|---|
| १ | २२५११ | कर्मचारी दक्षता बृद्धि, तालिम प्रमाणपत्र दिने तालिम तथा गोष्ठी (कर्मचारी दक्षता बृद्धि तालिम (प्रमाण पत्र दिने) | १ वटा |
| २ | २२६१२ | श्रष्टा र साहित्यकारहरूलाई प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयका अवस्था र सुधारका क्षेत्रहरूका सम्बन्धमा सचेतना जगाउन सरोकारवालको सहभागितामा ३ प्रदेशमा एक एक वटा गरी जम्मा ३ वटा प्रादेशिक गोष्ठी संचालन गर्ने (उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सीप विकास तथा क्षमता अभिबृद्धि तालिम) | ३ वटा प्रदेशमा १-१ वटा गरी ३ वटा |
| ३ | २२५१२ | प्रतिलिपि अधिकार कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत ४ प्रदेशका प्रहरी निरीक्षक, सरकारी वकिल, भंसार अधिकृत, श्रेस्तेदार र तहसिलदारहरूलाई प्रादेशिकस्तरमा तालिम प्रदान गर्ने । (उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सीप विकास तथा क्षमता अभिबृद्धि तालिम) | ४ वटा प्रदेशमा १-१ वटा गरी ४ वटा |
| ४ | २२५२२ | WIPO तथा अन्य संस्था र कार्यालयको सहकार्यमा राष्ट्रिय तथा क्षेत्रीयस्तरमा सेमिनार गर्ने । (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ वटा |
| ५ | २२५२२ | प्रतिलिपि अधिकारसंग सरोकार राख्ने निजी क्षेत्रका निकाय तथा संस्थाहरूसंग Public Private Partnership को आधारमा १ वटा तालीम गोष्ठी अध्ययन एवं अन्तरक्रिया कार्यक्रम (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ वटा |
| ६ | २२५२२ | Beijing Treaty, WPPT, WPT Rome Convention सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | १ वटा |

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा "Beijing Treaty, WPPT, WPT, Rome Convention" सम्बन्धी अन्तरक्रिया कार्यक्रम काठमाडौंमा सम्पन्न:**

Beijing Treaty on Audio Visual Performances, WIPO Copyright Treaty, Rome Convention, WIPO Performances and Phonogram Treaty



सन् २०१२ मा मात्र जारी भएको र ३० वटा मुलुकले सम्मिलन गरेपछि मात्र लागु हुने, हाल २० वटा राष्ट्रले मात्र सम्मिलन गरेको अवस्था विद्यमान रहेको छ। विश्वस्तरमा लागु भएका र हुने चरणमा रहेका अन्तरराष्ट्रिय सन्धी

सम्झौताहरूका सम्बन्धमा जानकारी लिने दिने र त्यस्ता प्रकारका सन्धी सम्झौता आवश्यक छ छैन भन्ने सम्बन्धमा यस क्षेत्रका विज्ञहरूको धारणा र सुझाव लिने उद्देश्यले मिति २०७६।८।११ गते, काठमाडौंमा Beijing Treaty, WPPT, WPT Rome Convention सम्बन्धी अन्तरक्रिया कार्यक्रम यस क्षेत्रसंग सम्बन्धित विज्ञ, कलाकार गीतकार, संगितकार, सामुहिक व्यवस्थापन संगठन (CMO) का पदाधिकारीहरू लगायतका करिव ८० जनाको सहभागितामा, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुखरप्रतिनिधिहरू सहितका व्यक्तिहरूलाई Beijing Treaty, WPPT, WPT Rome Convention लगायत प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले एक दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री प्रकाश आचार्यको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री सुरेश आचार्यले गर्नु भएको थियो ।

प्रमुख अतिथि श्री सुरेश आचार्यले Beijing Treaty on Audio Visual Performances, WIPO Copyright Treaty, Rome Convention, WIPO Performances and Phonogram Treaty जस्ता अन्तर्राष्ट्रिय सन्धी सम्झौताका सम्बन्धमा सरोकारवाला लगायत आम जनमानसमा जनचेतना फैलाउन यस्ता कार्यक्रमहरू उपयोगी रहको विचार व्यक्त गर्नु भयो ।

## विभिन्न जिल्लाहरूमा एकदिवसीय गोष्ठीहरू सम्पन्नः

### क) स्याङजा

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू स्याङजा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, स्याङजा, जिल्ला प्रहरी कार्यालय स्याङजा, जिल्ला न्यायाधिवक्ताको कार्यालय जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरू, वकील, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राचार्यहरू, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुख र प्रतिनिधिहरू, यातायात व्यावसायीहरू, पत्रकार, संचारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित "प्रतिलिपि अधिकार सम्बन्धी कानून



कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा श्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एकदिवसीय गोष्ठी कार्यक्रम स्याङजा जिल्लाको सदरमुकाम स्याङजा बजारमा २०७६ साल माघ ५ गते सम्पन्न भयो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमकोप्रमुख आतिथ्यता स्याङजा जिल्ला अदालतका प्रमुख न्यायाधीश श्री रमानाथ पौडेलले र जिल्ला प्रशासन कार्यालय स्याङजाका प्रमुख जिल्ला अधिकारी श्री राम बहादुर कुरुम्वाङले विशिष्ट अतिथिको रुपमा आतिथ्यता गर्नु भएको थियो भने स्याङजा जिल्लाका प्रहरी प्रमुख, गीत संगित क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख, एवं प्रतिनिधिहरू, गितकार, विभिन्न क्षेत्रमा कार्यरत प्रहरी अधिकृतहरू स्याङजा जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरू एवं कर्मचारीहरू वौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न महानुभावहरू लगायत, पत्रकार संचारकर्मी र यस क्षेत्रसंग सम्बद्ध करिव ७५ जना व्यक्तिहरूको सहभागिता रहेको थियो ।

गोष्ठीमा रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी श्री राम बहादुर कुरुम्वाङले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भयो । प्रस्तुत कार्यपत्रहरू माथि स्याङजा जिल्ला सरकारी वकील कार्यालयका प्रमुख श्री अशोक नाथ रेग्मीले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा सम्बन्धमा प्रमुख अतिथि माननीय न्यायाधिश श्री रमानाथ पौडेल र विशिष्ट अतिथि श्री राम वहादुर कुरुम्वाङले कार्यक्रम सफलताको कामना र टिप्पणी गर्नु हुदै यस्ता कार्यक्रमबाट प्रतिलिपि अधिकारको संरक्षण र सम्बर्द्धन गर्न यो कार्यक्रम निकै उपयोगी रहको विचार व्यक्त गर्नु भयो । हुदै कार्यक्रमको सफलताको कामना गर्नु भयो । कार्यक्रममा नेपाल पत्रकार महांसघं स्याङजाका सभापति श्री ओम प्रकाश मिश्र लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूले सम्बोधन गर्दै कार्यक्रम अत्यन्त उपयोगी रहेको र यस्तो गीत संगित क्षेत्रको उर्बर भूमी यस स्याङजा जिल्लामा यस्ता प्रकारका कार्यक्रमबाट प्रतिलिपि अधिकार सम्बन्धमा भएका नीतिगत र कानूनी व्यवस्थाहरूको सम्बन्धमा जानकारी लिने दिने कार्यमा अत्यन्त टेवा पुगेको विचार व्यक्त गर्नु हुंदै कार्यक्रम अत्यन्त उपयोगी रहेको र भविष्यमा समेत संचालन गर्न सुझाव दिनु भयो ।

**ख) दोलखा**

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू दोलखा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला न्यायाधिवक्तको कार्यालय, दोलखा जिल्लाका



विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरू, वकील, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राचार्यहरू, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुखरप्रतिनिधिहरू, यातायात व्यवासायीहरू, पत्रकार, संचारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने उद्देश्यले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा श्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एकदिवसीय गोष्ठी दोलखा जिल्लाको चरिकोटमायहि २०७६ साल माघ २३ गतेका दिन आयोजना गरियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका विभिन्न क्षेत्रका अतिथिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमासम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता दोलखा जिल्ला समन्वय समितिका सभापती श्री डबल पाण्डे ले गर्नु भएको थियो । जिल्ला प्रशासन कार्यालय दोलखाका प्रमुख जिल्ला अधिकारी श्री भीमकान्त शर्मा विशिष्ट अतिथिको रुपमा सहभागी हुन भएको थियो भने दोलखा जिल्लाका प्रहरी प्रमुख लगायत, गीत संगित क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख, एवं प्रतिनिधिहरू, गितकार, विभिन्न क्षेत्रमा कार्यरत प्रहरी अधिकृतहरू दोलखा जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरू एवं कर्मचारीहरू वौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न महानुभावहरू लगायत, पत्रकार संचारकर्मी र यस क्षेत्रसंग सम्बद्ध करिव ६५ जना व्यक्तिहरूको सहभागिता रहेको थियो ।

गोष्ठीमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने जिल्ला प्रशासन कार्यालय दोलखाका प्रमुख जिल्ला अधिकारी श्री भीमकान्त शर्माले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भयो । प्रस्तुत कार्यपत्रहरू माथि दोलखा जिल्ला वार एशोशिएसनका अध्यक्ष श्री सरोज उप्रेतीले टिप्पणी गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति दोलखाका सभापती श्री डबल पाण्डे र विशिष्ट अतिथि श्री भीमकान्त शर्माले टिप्पणी गर्नु हुदै कार्यक्रम अत्यन्त उपयोगी रहेको र यस्ता कार्यक्रमबाट प्रतिलिपि अधिकारको सम्बन्धमा सरोकारवाला लगायत आम जनमानसमा प्रतिलिपि अधिकारको सम्बन्धमा जनचेतना फैलाउन कार्यक्रम उपयोगी रहको विचार व्यक्त गर्नु हुदै कार्यक्रमको सफलताको कामना गर्नु भयो ।कार्यक्रमका सम्बन्धमा नेपाल पत्रकार महासंघ दोलखाका सभापति लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूले सम्बोधन गर्दै कार्यक्रम अत्यन्त उपयोगी रहेको र यस्तो गीत संगित क्षेत्रको उर्बर भूमी यस दोलखा जिल्लामा संचालन गरि प्रतिलिपि अधिकार सम्बन्धमा भएका नीतिगत र कानूनी व्यवस्थाहरूको सम्बन्धमा जानकारी लिने दिने कार्यमा यसबाट अत्यन्त टेवा पुगेको विचार व्यक्त गर्नु भयो । गोष्ठीमा सहभागी विभिन्न सरकारी कार्यालयका प्रमुख तथा कर्मचारी, प्रहरी अधिकृतहरू, एवं समस्त सहभागीहरूले अत्यन्त उत्साहका साथ कार्यपत्र सुन्ने तथा जिज्ञासा राख्नु भएको थियो ।

### ग) सिराहा

प्रतिलिपि अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा कानून कार्यान्वयन गर्ने निकायहरू सिराहा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, सिराहा, जिल्ला प्रहरी कार्यालय सिराहा, जिल्ला न्यायाधिवक्तको कार्यालय, जिल्लाका विभिन्न सरकारी कार्यालयका अधिकृत तथा कर्मचारीहरू, वकील, विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्राचार्यहरू, प्रतिलिपि अधिकारसंग सम्बन्धित विभिन्न साहित्य, संगीत सम्बन्धी संस्थाका प्रमुखरप्रतिनिधिहरू, यातायात व्यवासायीहरू, पत्रकार, संचारकर्मी सहितका व्यक्तिहरूलाई प्रतिलिपि अधिकार र सम्बन्धित अधिकारका सम्बन्धमा कानूनी प्रावधान, र सुधारका क्षेत्रहरू आदिका वारेमा जानकारी गराउने र अनुभव आदान प्रदान गर्ने



उद्देश्यले **नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयद्वारा आयोजित "प्रतिलिपि अधिकार सम्बन्धी कानून कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू तथा श्रष्टाले प्राप्त गर्ने रोयल्टी" विषयक एकदिवसीय गोष्ठी सिराहा जिल्लाको सदरमुकार सिराहा बजारमा** यहि २०७६ साल फागुन १३ गते आयोजना गरियो । उक्त कार्यक्रममा आमन्त्रण गरिएका विभिन्न क्षेत्रका अतिथिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईको सभापतित्वमासम्पन्न उक्त कार्यक्रमको प्रमुख आतिथ्यता सिराहा जिल्ला समन्वय समितिका सभापती श्री रामचन्द्र ठाकुरले गर्नु भएको थियो ।

जिल्ला प्रशासन कार्यालय सिराहाका प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारी र सिराहा जिल्ला अदालतका माननीय न्यायाधिश श्री नर नारायण पौडेल विशिष्ट अतिथिको रुपमा सहभागी हुन भएको थियो भने सिराहा जिल्लाका प्रहरी प्रमुख लगायत, गीत संगित क्षेत्रसंग सम्बन्धित संस्थाका प्रमुख, एवं प्रतिनिधिहरू, गितकार, विभिन्न क्षेत्रमा कार्यरत प्रहरी अधिकृतहरू सिराहा जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरू एवं कर्मचारीहरू वौद्धिक सम्पत्ति सम्बन्धी अभियानमा संलग्न महानुभावहरू लगायत, पत्रकार संचारकर्मी र यस क्षेत्रसंग सम्बद्ध करिव ७५ जना व्यक्तिहरूको सहभागिता रहेको थियो ।

गोष्ठीमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले प्रतिलिपि अधिकार संरक्षण र यसका विविध पक्षहरू विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने जिल्ला प्रशासन कार्यालय सिराहाका प्रमुख जिल्ला अधिकारी श्री गोपाल कुमार अधिकारीले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भयो । प्रस्तुत कार्यपत्रहरू माथि सिराहा जिल्ला वार एशोशिएसनका अध्यक्ष श्री आनन्द राज पोखरेलले टिप्पणी गर्नु हुदै कार्यक्रम अत्यन्त उपयोगी रहेको र यस्ता कार्यक्रमबाट प्रतिलिपि अधिकारको सम्बन्धमा सरोकारवाला लगायत आम जनमानसमा प्रतिलिपि अधिकारको सम्बन्धमा जनचेतना फैलाउन कार्यक्रम उपयोगी रहको विचार व्यक्त गर्नु हुदै कार्यक्रमको सफलताको कामना गर्नु भयो ।

प्रमुख अतिथि जिल्ला समन्वय समिति सिराहाका सभापती श्री रामचन्द्र ठाकुर र विशिष्ट अतिथि श्री गोपाल कुमार अधिकारीले टिप्पणी गर्नु हुदै कार्यक्रम अत्यन्त उपयोगी रहेको र यस्ता कार्यक्रमबाट प्रतिलिपि अधिकारको सम्बन्धमा सरोकारवाला लगायत आम जनमानसमा प्रतिलिपि अधिकारको सम्बन्धमा जनचेतना फैलाउन कार्यक्रम

उपयोगी रहको विचार व्यक्त गर्नु हुदै कार्यक्रमको सफलताको कामना गर्नु भयो ।

कार्यक्रमका सम्बन्धमा नेपाल पत्रकार महासंघ सिराहाका सभापति लगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूले सम्बोधन गर्दै कार्यक्रम अत्यन्त उपयोगी रहेको विचार ब्यक्त गर्नु भयो भने गोष्ठीमा सहभागी विभिन्न सरकारी कार्यालयका प्रमुख तथा कर्मचारी, प्रहरी अधिकृतहरू, एवं समस्त सहभागीहरूले अत्यन्त उत्साहका साथ कार्यपत्र सुन्ने तथा जिज्ञासा राख्नु भएको थियो । उक्त जिज्ञासाहरूको सम्बन्धमा कार्यपत्र प्रस्तुतकर्ता यस कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराईले स्पष्ट पार्नु भएको थियो । कार्यक्रम विहान १०:३० बजे शुरु भई २:३० बजेको दिवा खाना पछि समापन भएको थियो ।

**नेपालमा रहेका रोयल्टी संकलन संस्थाहरू सम्बन्धी जानकारी:**

प्रतिलिपि अधिकार सम्बन्धी रचनाको रोयल्टी निर्धारण गर्ने, संकलन गर्ने, संकलित रोयल्टी वितवरण गर्ने प्रयोजनको लागि प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ मा भएको व्यवस्था बमोजिम सामान्यतया एउटा विधामा एउटा रोयल्टी संकलन संस्था अवच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा तोकिए बमोजिम गठन गर्ने व्यवस्था भए बमोजिम निम्न तीनवटा संस्थाहरू यस कार्यालयमा दर्ता भएका छन् ।

क) संगीत रोयल्टी संकलन समाज नेपाल,

ख) प्रस्तोता समाज नेपाल

ग) संगीत तथा चलचित्र उत्पादक समाज नेपाल

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयसंगको सहकार्यमा रोयल्टी संकलन संस्थाहरु मार्फत सम्पन्न कार्यक्रमहरु:**

**क) अन्तरक्रिया कार्यक्रम** (तुल्सीपुर)

संगीत रोयल्टी संकलन समाज नेपालको आयोजना र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलय तथा तुल्सीपुर उपमहानगरपालिकाको सहकार्यमा "प्रतिलिपि अधिकार तथा संगीत रोयल्टी व्यवस्थापन" विषयक अन्तरक्रिया कार्यक्रम मिति २०७६ साल भाद्र ७ गते दाङ्ग जिल्लाको तुल्सीपुरमा आयोजना गरियो ।

दाङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गोविन्द प्रसाद रिजालको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रर श्री प्रकाश आचार्य विशिष्ट अतिथिको रुपमा सहभागी हुनु भएको थियो ।

कार्यक्रममा संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष महेश कुमार खड्का, नेपाल पत्रकार महासंघका महासचिव श्री विपुल पोखरेल र उद्योग बाणिज्य महासंघका महासचिवले आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा दाङ्ग जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रतिनिधि, संचारकर्मी, यातायात व्यवसायी, लोक दोहोरी प्रतिष्ठानका सदस्यहरूको बाक्लो उपस्थिति रहको थियो । कार्यक्रममा प्रस्तोता समाज नेपालका तर्फबाट कार्य समिति सदस्य श्री बैकुण्ठ महत र संगीत उत्पादक समाज नेपालका तर्फबाट महासचिव हुम गैरेको उपस्थिति रहको थियो भने आयोजक संस्था संगीत रोयल्टी संकलन समाज नेपालका तर्फबाट अध्यक्ष महेश कुमार खड्का, महासचिव चन्द्र प्रसाद शर्मा र कोषध्यक्ष शशि शर्मा मजगैयाको उपस्थिति रहको थियो ।

कार्यक्रममा सहभागिहरूबाट विशेषत रोयल्टी संकलनको मापदण्ड तथा संगीत रोयल्टी कसरी सम्बन्धित पक्षले प्राप्त गर्दछन भन्ने जिज्ञासा राखिएको थियो भने उठेका प्रश्नहरूको जवाफ संगीत रोयल्टी संकलन समाजका अध्यक्ष महेश खड्का र महासचिव चन्द्र प्रसाद शर्माले दिनु भएको थियो ।

**ख) अन्तरक्रिया कार्यक्रम (बुटवल)**

प्रस्तोता समाज नेपालको आयोजना र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यलयको सहकार्यमा "प्रतिलिपि अधिकार एवं संगीत रोयल्टी" विषयक एक दिवसिय अन्तरक्रिया कार्यक्रम रुपन्देहि जिल्लाको बुटवलमा २०७६।७।२५ मा आयोजना गरिएको थियो ।

५ नं. प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयका माननय मन्त्री बैजनाथ चौधरी (थारु) को प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा ५ नं. प्रदेश सभाका माननीय सदस्य गीता थापा, जिल्ला प्रशासन कार्यालय रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी भरत शर्मा, यातायात व्यवस्था कार्यालय बुटवलका कार्यालय प्रमुख मुक्ति प्रसाद पाण्डे, यातायात सेवा कार्यालय भैरहवाका कार्यालय प्रमुख बोलबम भण्डारी, पश्चिमान्चल यातायात व्यावसायी प्रा.लि. का उपाध्यक्ष नारायण घिमिरे लगायत टेलिभिजन च्यानलका प्रतिनिधिहरू, स्थानीय मिडियाकर्मी, पत्रकार, गीतकार संगितकार सर्जक कलाकारहरूको बाक्लो उपस्थिति रहको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि माननीय मन्त्री बैजनाथ चौधरी (थारु) ज्यूले यायायात व्यवस्था कार्यालय बुटवलका कार्यालय प्रमुख मुक्ति प्रसाद पाण्डे र यातायात सेवा कार्यालय भैरहवाका कार्यालय प्रमुख बोलबम भण्डारीलाई सार्वजनिक सवारी साधनमा गीत संगीत प्रयोग भए वापतको रोयल्टी संकलन गर्न सकारात्मक वातावरण बनाउन योगदान गरे वापत सम्मान स्वरुप सम्मान पत्र दोसल्ला र माला लगाई सम्मान गर्नुभयो । उक्त कार्यक्रममा प्रस्तोता समाज नेपालका सचिव प्रेम थापाले स्वागत मन्तब्य राख्नु भएको थियो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिमानीय भौतिक पूर्वधार विकास मन्त्री बैजनाथ चौधरी (थारु) ले सार्वजनिक सवारी साधनले गीत संगीत प्रयोग गरे वापत सवै पक्षसंग समन्वय गरी रोयल्टी संकलन गने वातावरण निर्माण गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा प्रस्तोता समाज नेपालका प्रमुख व्यवस्थापक नारायण कडरियाले रोयल्टीको वर्तमान अवस्था, समस्या, चुनौती र समाधान सम्बन्धमा उपस्थित सम्पूर्णलाई जानकारी गराउनु हुंदै कार्यक्रमा सहभागीताको लागि सहभागी सवै सर्जक कलाकार, प्रयोगकर्ता, स्थानीय प्रशासन, प्रदेश सरकारलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**ग) प्रदेश नं. २ स्तरीय गीतकार र सष्ट्रा भेला तथा गीत शिविर कार्यक्रम (जनकपुर)**

यस कार्यालय तथा नेपाल संगीत तथा नाट्य प्रतिष्ठानको सहकार्यमा गीतकार संघ नेपालले आयोजना गरेको प्रदेश नं. २ स्तरीय गीतकार र श्रष्टा भेला तथा गीत शिविर २०७६ साल फागुन ३ र ४ गते जनकपुरमा सम्पन्न भएको छ । गीतकार संघ नेपालका अध्यक्ष चूडामणि देवकोटाको अध्यक्षतामा भएको उक्त कार्यक्रमको समुद्घाटन प्रदेश नं. २ का भौतिक पूर्वाधार विकास मन्त्री माननीय जितेन्द्र सोनलज्यूले गर्नु भएको थियो । कार्यक्रममा विशेष अथितिमा पूर्व अर्थमन्त्री तथा गीतकार एसपी कोईराला, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय नारायण भक्त श्रेष्ठ रायन, वरिष्ठ साहित्यका डा. राजेन्द्र बिमल, पूर्व मुख्य सचिव, गजलकार, गीतकार डा. भोजराज घिमिरे, मेधी आयोगका अध्यक्ष माननीय डा. विजय दत्त, प्रमुख जिल्ला अधिकारी प्रदीपराज कंडेल, प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयका रजिष्ट्रार विष्णु कुमारी भट्टराई, किर्तिमानी गीतकार डा. डी आर उपाध्याय, प्राज्ञ धीरेन्द्र प्रेमर्षी लगायत ठुलो संख्यामा श्रष्टा साहित्यकारहरूको जमघट रहेको थियो ।

सम्पन्न कार्यक्रमले प्रदेश नं. २ मा भाषिक तथा साहित्यिक जागरण ल्याउन त सहयोग गरको नै छ , प्रदेशस्तरमा कला साहित्य, संगीतको सन्देश प्रवाहित गर्न समेत सफल भयो । मैथिली र भोजपुरी गीतले समाज रुपान्तरणमा खेलेको भूमिकालाई थप स्पष्ट पार्न समेत कार्यक्रम सफल भयो । कार्यक्रमले उक्त क्षेत्रका श्रष्टा र साहित्यकारहरूमा थप उर्जा र उत्साह थप भएको पाईयो ।

**माननीय मन्त्री श्री योगेश कुमार भट्टराईज्यूको उपस्थितिमा गीत, संगीत क्षेत्रको रोयल्टी व्यवस्थापन सम्बन्धी छलफल तथा बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न:**




गीत संगीतको क्षेत्रमा क्रियाशिल श्रष्टा सर्जकहरूले नेपाल प्रतिलिपि अधिकार ऐन, २०५९ र सो सम्बन्धी नियमावली बमोजिम प्राप्त गर्नुपर्ने रोयल्टी संकलन र वितरणका सन्दर्भमा हाल देखिएको समस्या समाधान उपर छलफल गरी उपयुक्त निकास निकाल्ने उद्देश्यले मिति २०७६।११।२२ गते विहिबारका दिन श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री श्री योगेश भट्टराईज्यूको समुपस्थितिमा मन्त्रालयका विशिष्ट पदाधिकारीहरू, यस कार्यालयका कर्मचारीहरू गीत, संगीत क्षेत्रका अग्रज गीतकार, संगीतकार, गायक, कलाकार लगायत सामुहिक व्यवस्थापन संगठनहरूका पदाधिकारी सम्मिलित छलफल कार्यक्रम आयोजना गरियो। छलफलबाट गीत संगीत क्षेत्रमा गर्नुपर्ने कानूनी र संस्थागत सुधार समेतको सिफारिश गर्न कार्य क्षेत्रगत शर्तहरू समेत प्रस्ताव गरी समिति गठन गर्ने र गीत संगितहरूको आधिकारिक र तथ्यपरक तथ्याकं संकलन गर्न सो सम्बन्धी Central Server सहित Software निर्माण गर्ने सम्बन्धमा संभाव्यता अध्ययन गराउने निश्कर्ष निकालिएको थियो।

**रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठकहरू सम्पन्न।**

कला, साहित्य एवं संगित उद्योगलाई स्थापित गर्ने श्रष्टा कलाकार, उत्पादक एवं लेखकको हक अधिकार एवं गौरवलाई प्रवर्द्धन गर्न सिर्जित (कला, संगित चलचित्र, लेख) लगायतको सर्वाजनिक प्रयोगबाट प्राप्त रोयल्टी उपलब्ध गराउने सम्बन्धमा व्यवस्थापिका संसद विकास समितिको निर्णयानुसार सूचना तथा संचार मन्त्रालयबाट गठित समितिबाट पेश भएको प्रदिवेदनमा औल्याइएका सुझावहरू कर्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति २०७२।९।१४ को सचिव स्तरिय निर्णयबाट गठन भएको रोयल्टी सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक २०७६ साल माघ २६ गते र २०७७ साल आषाढ १७ गते सम्पन्न भयो। सम्पन्न बैठकबाट आगामी आ.व. २०७७।७८ मा गीत संगीतको तथ्यपरक तथ्याकं संकलन गर्न सो सम्बन्धी Central Server सहित Software निर्माण गर्न संभाव्यता अगाडी बढाउने लगायतका निर्णय गरिएको छ।

**माराकेश सन्धीको पक्ष राष्ट बन्ने सम्बन्धी प्रस्ताव संसदबाट अनुमोदनः**

दृष्टिविहीन, दृष्टि क्षमता न्यून भएका वा मुद्रित वस्तु हेर्न असमर्थहरूका लागि प्रकाशित रचनासम्मको पहुँचलाई सहजीकरण गर्ने माराकेश सन्धि, २०१३ नेपालको संघीय संसदबाट अनुमोदन भएको छ विश्वमा हरेक वर्ष लाखौ पुस्तकहरू प्रकाशन हुन्छन् तर केवल १-७% मात्र विश्वमा वसोवास गर्ने दृष्टिविहिन, छापा पढ्न नसक्ने करिव २८ करोड ५० लाखका लागि उपलब्ध हुन्छन् जुन मध्ये ९०% त अल्पविकसित र विकासोन्मुख देशमा बसोबास गर्दछन् । विश्व वैद्धिक सम्पत्ति संगठनका सदस्य राष्ट्रहरूद्वारा सन् २०१३ जुन २७ का दिन मेक्सिकोको माराकेशमा माराकेश सन्धिको घोषणा गरेका थिए जुन दृष्टिविहिन, देख्न नसक्ने र छापा पढ्न नसक्नेहरूका लागि प्रकाशित सामग्रीहरूको पहुँचलाई सहजीकरण गर्ने सन्धिको उद्देश्य हो । माराकेश सन्धिले के दर्शाउंदछ भने प्रतिलिपि अधिकार पद्धतिहरू छापा पढ्न नसक्ने व्यक्तिहरूका लागि किताव तथा अन्य छापा सामग्रीहरूमा पहुचमा सुधार ल्याउने चुनौतिको समाधान गर्ने हुँदा महत्वपूर्ण भाग भएको छ ।

**प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश**

प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन तथा परिमार्जन गर्नका लागि "**प्रतिलिपि अधिकार (पहिलो संशोधन) ऐन, २०७६**" राष्ट्रिय सभाबाट पास भई संघीय संसदमा छलफलको लागि पेश भएको छ ।

**माननीय मन्त्री श्री योगेश कुमार भट्टराईज्यूबाट प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको निरिक्षण, अनुगमन एवं निर्देशनः**



मिति २०७७।३।२८ गतेका दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीमाननीय योगेश कुमार भट्टराई सहित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका श्रीमान् सचिवज्यू, सहसचिवज्यूहरू लगायतबाट यस कार्यालयको निरीक्षण अनुगमन गर्नु भयो । उक्त अवसरमा यस कार्यालयका रजिष्ट्रार श्री विष्णु कुमारी भट्टराई र कार्यालयका अन्य कर्मचारीले माननीय मन्त्रीज्यूलाई स्वागत गर्नु भएको थियो । अनुगमनका क्रममा यस कार्यालयबाट आ.व. २०७६।७७ मा यस कार्यालयबाट संचालन गरिएका कार्यक्रमहरू, हासिल भएका प्रगतिहरू, कार्यालयको पहलमा सम्पन्न भएका कार्यहरू एवं समस्या र चुनौतीका सम्बन्धमा कार्यालयका रजिष्ट्रारले जानकारी प्रस्तुत गर्नु भएको थियो । माननीय मन्त्रीज्यू र श्रीमान सचिवज्यूबाट प्रस्तुत समस्याहरूको समाधानको लागि यथोचित पहल गर्ने र कला, साहित्य र संगितको क्षेत्रमा गर्नुपर्ने सुधारका कार्यहरूमा सदैव साथ दिने प्रतिबद्धताका साथ आगामी आ.व. का कार्यक्रमहरूलाई छिटो छरितो र चुस्तरुपमा कार्यहरूलाई अगाडी बढाउन मार्ग निर्देशन समेत प्रदान गर्नू भएको थियो ।

**आ.ब. २०७६।७७ को आषाढ मसान्तसम्म विभिन्न विधामा दर्ता भएका प्रतिलिपि अधिकारजन्य रचनाहरूको विवरण:**

| आ.व. | साहित्य लेखन | म्यागजिन प्रकाशन | अनुवाद रचना | आर्ट/ पेन्टिङ्ग | ध्वनि अंकन | आर्किटेक्ट नमूना | काष्ठकला, धातुकला, मूर्तिकला, डिजिटल आर्ट | कम्प्युटर सफ्टवेयर | प्रस्तुति रचना | फोटोजन्य रचना | शोधपत्र | चलचित्र वृत्तचित्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ०६१/६२ | ४७ | १ | ४ | २७ | १९ | २ | – | २ | १ | – | – | – | १०३ |
| ०६२/६३ | १६६ | – | १ | ३ | १० | – | – | ३ | १ | १३ | ३ | – | २०० |
| ०६३/६४ | १०७ | १ | – | २ | ८ | – | ३ | ८ | १ | १७ | – | १ | १४८ |
| ०६४/६५ | ८६ | – | – | २४ | २ | – | – | १ | १ | – | – | १ | ११५ |
| ०६५/६६ | ९३ | – | – | १६ | – | – | – | – | – | – | – | २ | १११ |
| ०६६/६७ | ७१ | – | – | – | ७ | – | – | – | – | २ | – | – | ८० |
| ०६७/६८ | ५६ | – | – | – | १ | – | – | – | – | – | – | २ | ५९ |
| ०६८/६९ | ५५ | – | – | – | ३ | – | १ | १ | – | २ | – | १ | ६३ |
| ०६९/७० | ९६ | १ | ० | २ | २ | – | १११ | १ | – | – | – | – | २१३ |
| ०७०/७१ | ५२ | – | – | – | ४ | – | – | ६ | – | १२ | – | – | ७४ |
| ०७१/७२ | १०३ | – | – | – | ३ | – | – | १ | – | – | – | – | १०७ |
| ०७२/७३ | १२२ | – | – | – | ७ | ४१ | – | ४ | – | – | १ | १ | १७६ |
| ०७३/७४ | ८८ | – | – | ११ | १२ | ३ | ३ | १ | – | १ | ० | – | ११९ |
| ०७४/७५ | ४४ | – | – | १ | ७ | – | ३ | ३ | – | – | १ | – | ५९ |
| ०७५/७६ | १२७ | – | – | ५ | १२ | १ | ४० | ३ | १ | १ | १ | २ | १९३ |
| ०७६/७७ | १०५ | | | | ४७ | | | २ | | | | | १५४ |
| जम्मा | १४१८ | ३ | ५ | ९१ | १४४ | ४७ | १६१ | ३६ | ५ | ४८ | ६ | १० | १९७४ |

**आ.ब. २०७६।७७ को आषाढ मसान्तसम्म विभिन्न विधामा दर्ता भएका प्रतिलिपि अधिकारजन्य रचनाहरूको दर्ता बापत प्राप्त रोयल्टी सम्बन्धी विवरण:**

आ.व. २०७६।७७ मा कुल जम्मा १५४ वटा विभिन्न विधाका रचनाहरू दर्ता भई सो वापत रु.१५४००।- राजश्व प्राप्त भएको छ ।

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालय परिवार :**



## २०७७ आषाढ मसान्तसम्मको रचना दर्ता (जम्मा १९७४)




### नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको अनुरोध

साहित्यिक तथा कलात्मक रचना, ध्वनिअंकन, प्रस्तुति र प्रसारण सिर्जनामा सिर्जनाकारको हक संरक्षण हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको हुंदा सिर्जनाको प्रयोगमा देहाय बमोजिम सतर्कता अपनाउनु हुन अनुरोध छ ।

- कसैले तयार गरेको साङ्गीतिक रचनामा अनुमति नलिई तोडमोड वा रिमिक्स गर्नु हुंदैन ।
- चलचित्रको पुरै वा आंशिक अंश चलचित्र उत्पादकको अनुमति नलिई पुनरूत्पादन गर्नु हुंदैन ।
- फोटोजन्य रचनाको प्रयोग गर्दा फोटोग्राफरको अनुमति लिनु पर्दछ ।
- पुस्तक, लेख वा अन्य रचनाको पुरै वा कुनै अंशको प्रयोग गर्दा वा त्यस्ता रचनाको फोटोकपी गरी व्यापार गर्दा लेखक तथा प्रकाशकको अनुमति लिनु पर्दछ ।
- प्रसारण संस्था आफैले तयार गरी प्रसारण गरेको सामग्री अरूले आफ्नो सामग्री बनाई प्रसारण गर्नु हुदैन ।

यस्ता कार्यहरु अनुमति बिनागर्नु दण्डनीय अपराध भएको हुंदा अधिकार धनीको अनुमति लिएर मात्र सिर्जनाको प्रयोग गराउनु हुन अनुरोध छ ।

**प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।**

**Nepal Copyright Registrar's Office**
Kalikasthan Kathmandu Nepal
Tel : 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box : 430
E-Mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

## सम्पादकीय

मानवबाट मौलिक तथा बौद्धिक रुपले सिर्जित रचना, ध्वनि
प्रस्तुति र प्रशारण आदिको कानूनद्वारा स्रष्टालाई प्रदान गरिने ए
अधिकारलाई प्रतिलिपि अधिकार भनिन्छ । कला, साहित्य र वि
विकासका लागि अत्यन्तै महत्वपूर्ण प्रतिलिपि अधिकारको म
बुझी त्यसको संरक्षण तथा विकास गर्न जरूरी छ । नेपालम
सालमा जारी गरिएको प्रतिलिपि अधिकार ऐनलाई परिमार्ज
२०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ र २०६१
प्रतिलिपि अधिकार नियमावली जारी भएको छ । साथै नेपाल
बौद्धिक सम्पत्ति संगठनको सदस्य, विश्व व्यापार संगठनको स
वर्न अभिसन्धिको पक्ष राष्ट्र समेत भईसकेको छ ।

प्रतिलिपि अधिकार व्यवस्थाले देशको साहित्य, कला, संस
आर्थिक क्षेत्रमा टेवा पुऱ्याउंछ । सिर्जनात्मक उद्योगको वि
कूल ग्राहस्थ उत्पादनमा समेत योगदान दिन्छ । यस प्र
अध्ययनबाट प्रतिलिपि अधिकारका सम्बन्धमा स्रष्टा कलाकार,
तथा आम जिज्ञासुलाई चालु आर्थिक वर्ष २०७६।७७ यस काय
सम्पन्न भएका प्रवर्द्धनात्मक कार्यहरु, प्रतिलिपि अधिकार सम्बन्धी
दिवसहरु, कानून कार्यान्वयन गर्नका लागि जारी भएका निर्देशि
जानकारीमूलक पुस्तिका लगायतको बारेमा जानकारी प्राप्त हु
यस आ.व. मा स्रष्टा कलाकारहरूको लागि कृतिरसिर्जनाको स
प्रयोग वापतको रोयल्टी संकलन गर्ने कानूनी व्यवस्थालाई
दिन सरोकारवालासंग छलफल गरियो । रोयल्टी सम्बन्धी
निर्धारण र वितरण कार्यमा निर्देशन तथा अनुगमन गर्न गठित
सम्बन्धी निर्देशन तथा अनुगमन समितिको बैठक र अन्तर
समेत सम्पन्न भएका छन् । यस वर्ष प्रतिलिपि अधिकार ऐन, २
संशोधनको लागि संशोधित मस्यौदा विधेयकको रूपमा संघीय
पेश भएको छ । यसैगरी रोयल्टी संकलनका संभावित ४० वट
पहिचान गरी तीनवटै रोयल्टी सम्बन्धी संस्थाहरूले रोयल्टी
कार्य गरिरहेको अवस्था छ । रोयल्टी संकलनका लागि प्रधानम
मन्त्रिपरिषद्को कार्यालयबाट जारी भएका निर्देशनहरु र रो
कानूनी रूपमा बाध्यकारी बनाउन भएका छलफल तथा प्रय
सकारात्मक प्रभावको पनि अपेक्षा गरिएको छ । दृष्टिबिहिन, दृ
न्यून भएका र छापा सामाग्री पढ्न नसक्नेका लागि प्रतिलिपि अ
विशेष व्यवस्था गर्न अन्तराष्ट्रिय सन्धि माराकेश ट्रिटि २०१३ व
पक्ष राष्ट्र बन्ने सम्बन्धमा प्रकृया अगाडि बढाईएको र हाल मं
पठाईएको अवस्था रहेको छ । आगामी दिनहरुमा स्रष्टा
कलाकारहरु एवं प्रतिलिपि अधिकार तथा सम्बन्धी अधिकार ध
मनासिव माफिकको रोयल्टी उपलब्ध गराउन सकिने आशाव
देखा परेको छ । प्रतिलिपि अधिकार तथा सम्बन्धित अधिकार
आर्थिक वर्षभरी भए गरेका कार्यहरूको टिपोट गरी यस विषय
सरोकारवालाहरु एवं आम जनसमुदायमा जानकारी दिन यस
तयार गरिएको छ । बुलेटिन तयारीका क्रममा खटिने यस क
सहकर्मी लगायत सामग्री दिई सहयोग गर्नु हुने सबैमा हार्दिक
दिन चाहन्छु । यसमा भएका कमी कमजोरी एवं केही छुटे
औल्याई दिनु भएमा आगामी प्रकाशनमा सुधार गरिने छ ।
अधिकार सम्बन्धी अधिकारका सम्बन्धमा आम सरोकारवालाह
आकर्षण गर्न यस प्रकाशन सफल हुने विश्वास लिएको छु